**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 18.10.2024**

---

- **Bye Election**

राज्यका दुईवटा निर्वाचन क्षेत्रमा हुने उपचुनाउका लागि आज अधिसूचना जारी गरिएको छ। अधिसूचनासितै आजदेखि नामांकन प्रक्रिया पनि शुरू भएको छ। राज्यका दुई विधानसभा क्षेत्रहरू नाम्ची जिल्लाको नाम्ची-सिङ्गिथाङ र सोरेङ जिल्लाको सोरेङ-च्याखुङमा आगामी तेह्र नोभेम्बरका दिन मतदान हुनेछ। उम्मेदवारहरूले यसै महिनाको पच्चिस तारिकसम्ममा नामांकन दर्ता गर्न सक्नेछन् अनि अट्ठाइस अक्टोबरमा नामांकन पत्रको जाँच हुनेछ। उम्मेदवारहरूले तीस अक्टोबरमा आफ्नो नाम फिर्ता लिन सक्नेछन्। उपचुनाउको मतगणना तेहीस नोभेम्बरमा हुनेछ।

---------------------------------------X---------------------------------------

- **Meeting Regarding Bye Election**

नाम्चीकी जिल्लाधीश सुश्री अनुपा तामलिङले नाम्ची-सिङ्गिथाङ निर्वाचन क्षेत्रका लागि हुने आगामी उपचुनावको रणनीति तयार पार्ने उद्देश्यले नामित नोडल अधिकारीहरूसित बसेको बैठकको अध्यक्षता गर्नुभयो।
बैठकमा जिल्लाधीशले विभिन्न विभागहरूबाट सक्षम कर्मचारीहरूको नियुक्तिबारे बोल्दै प्रभावकारी जनशक्ति प्रबन्धनको आवश्यकतामाथि चर्चा गर्नुभयो। उहाँले चुनाउ अवधि कर्मचारीहरूलाई उनीहरूको भूमिकाका लागि तयार पार्न समयमा प्रशिक्षण र मार्गदर्शनको आवश्यकतामाथि जोड़ दिनुभयो।
बैठकमा वाहनको तैनाती, इलेक्ट्रोनिक भोटिङ मेसिन (EVM) व्यवस्थापन, कानून व्यवस्था प्रबन्धन, व्ययको निगरानी, आवास व्यवस्थापन, मिडिया प्रमाणीकरण तथा अनुगमन समिति (MCMC) लगायत अन्य विषयमा छलफल भयो।
सबै अधिकारीहरूलाई चुनावी प्रक्रियाभरी सजग र सतर्क रहने सल्लाह दिँदै जिल्लाधीशले निर्वाचन आयोगद्वारा निर्धारित मार्गदर्शनको पालनमाथि जोड़ दिनुभयो।

---------------------------------------X---------------------------------------

- **Governor Pakyong Visit**

पाकिमको दुई दिवसीय भ्रमणमा रहनुभएका राज्यपाल श्री ओमप्रकाश माथुरले आज दोस्रो अनि अन्तिम दिन रिनाकमा PM श्री सरकारी वरिष्ठ माध्यमिक विद्यालयको भ्रमण गर्नका साथै विश्व विनायक मन्दिरको दर्शन गर्नुभयो। भ्रमण अवधि उहाँले स्थानीयवासीसित भलाकुसारी गर्दै निम्नस्तरको विकासको महत्त्वमाथि प्रकाश पार्नुभयो।

श्री माथुरले रिनाक र आरिटार GPU-मा पञ्चायत सभापति लगायत सदस्यहरूसित अन्तरक्रिया गर्दै निम्न स्तरमा केन्द्र प्रायोजित योजनाहरूको प्रभावी कार्यान्वयनमाथि जोड़ दिनुभयो।

रिनाकमा PM श्री विद्यालयमा आफ्नो सम्बोधन राख्दै राज्यपालले विद्यालयले धेरै विद्यार्थीहरूलाई महत्त्वपूर्ण रूपमा प्रभाव पारेको अनि ज्ञान र सामुदायिक भावनामाथि महत्त्वपूर्ण भूमिका निभाएको बताउनुभयो।

विश्व विनायक मन्दिरमा उहाँले पूजा अर्चना गर्दै राज्यवासीको भलाइका निम्ति प्रार्थना गर्नुभयो। पछि राज्यपाल श्री माथुरले पाकिम ग्रिनफिल्ड विमानास्थलको पनि भ्रमण गर्नुभयो। उहाँले विमानास्थल परिचालनको चुनौतीमाथि देखापरेको गम्भीर चिन्ताबारे सम्बोधन गर्नुभयो। यसले सिक्किममा पर्यटन क्षेत्रलाई गम्भीर रूपमा प्रभावित पारेको छ, जुन स्थानीय अर्थव्यवस्थाको एउटा महत्त्वपूर्ण अङ्ग हो।

---------------------------------------X---------------------------------------

- **Awareness Programme**

सिक्किम सरकारको बाणीज्य एवं उद्योग विभागले आज रिनाकको खण्ड प्रसाशनिक केन्द्रस्थित सम्मेलन कक्षमा MSME कार्यसम्पादन बढाउने र गति दिने योजनाअन्तर्गत एक दिवसीय जागरूकता कार्यशालाको आयोजना गऱ्यो।
कार्यक्रमको प्राथमिक लक्ष्य विभिन्न योजनाको बारेमा जागरूकता फैलाउनु रहेको थियो, जसमा उत्तर पूर्व परिवर्तनशील औद्योगिकीकरण योजना (उन्नति), MSME प्रदर्शनमा वृद्धि र गती, PM सूक्ष्म खाद्य प्रसंस्करण उद्यमको औपचारिकीकरण जस्ता विभिन्न विषय शामेल छन्। यसको उद्देश्य योजनाको लाभ प्रत्येक ग्रामीण क्षेत्रसम्म पुग्नका साथै महिला उद्यमीहरूलाई सहयोग पुगोस् भन्ने कुराको सुनिश्चित गर्नु हो।

---------------------------------------X---------------------------------------

- **Tourism Festival Darap**

जहाँ आतिथ्य सम्पदासित मिल्छ अर्थात Where Hospitality Meets Heritage विषयमा आयोजित पाँच दिवसीय टोङसम ग्रामीण पर्यटन उत्सवको तेस्रो दिनको कार्यक्रम आज विभिन्न प्रस्तुतिका साथ सम्पन्न भयो। दराप पर्यटन विकास समितिद्वारा आयोजित यस उत्सवको उद्देश्य टिकाउ पर्यटनको प्रवर्द्धन गर्दै यस क्षेत्रको अद्वितीय सांस्कृतिक पहिचान र सम्पदाको प्रदर्शन गर्नु हो।
भविष्यमा अझ धेरै स्थानीय विषयवस्तुहरू समावेश गर्ने कुरामा ध्यान केन्द्रित गर्दै यस उत्सवलाई वार्षिक रूपमा पालन गरिने भएको छ।
---------------------------------------X---------------------------------------

- **Sports**

कम्बोडियामा सम्पन्न एसियन किकबक्सिङ च्याम्पियनशीपमा उत्कृष्ट सफलता प्राप्त गरेर राज्य फर्किएकी अञ्जली सुब्बालाई आज एउटा कार्यक्रमबीच सम्मान जनाइयो। गेजिङ जिल्लाको गेजिङ-बर्मेकस्थित रूङदु निवासी सुब्बालाई क्षेत्र विधायक श्री लोकनाथ शर्माको बाहुलीद्वारा अभिनन्दन जनाइएको हो। उनले प्रतियोगितामा रजत पदक जितेर राज्य साथै देशलाई गर्वान्वित तुल्याएकी छन्।

समारोहमा अन्य बाहेक भवन एवं आवास विभाग मन्त्री श्री भीमहाङ सुब्बा र विधायक श्री NB प्रधान रहनुभएको थियो।

ग्रामीण क्षेत्रबाट आएकी सुब्बाले अन्तरराष्ट्रिय मञ्चमा सफलता हासिल गर्नुले उनको खेलप्रति समर्पण र लगनशीलतालाई दर्शाउँदछ।

---------------------------------------X---------------------------------------

- **Cricket**

सिक्किम र गोवाबीच रञ्जी ट्रफी 2024-25-को दोस्रो खेल रम्फूको माइनिङस्थित सिक्किम क्रिकेट खेल मैदानमा आजदेखि शुरू भएको छ। पहिलो दिनको खेल समाप्त हुँदासम्ममा गोवा कुनै ह्विकेट नगुमाइ अठार रनले पछि छ।

टस जितेल पहिला ब्याटिङ गर्न मैदानमा उत्रीएको आयोजक सिक्किमको टोलीले पहिलो पारीमा छयालीस ओबर पाँच बलमा एक सय आठ रनमा सबै ह्विकेट गुमायो। पछि दोस्रो पारीमा ब्याटिङ गर्न मैदानमा उत्रीएको गोवाको टोली केवल पच्चीस ओबरमा कुनै ह्विकेट नगुमाइ नब्बे रन बनाउन सफल बन्यो। गोवाको टोली अब भने सिक्किमले पहिलो पारिमा बनाएको रनदेखि केवल अठार रन पछि छ।

उल्लेखनीय छ, यस प्रतियोगितामा गोवाको पक्षमा खेलिरहेका क्रिकेट जगतका दिग्गज पूर्व अन्तरराष्ट्रिय खेलाड़ी श्री सचिन टेन्डुलकरका छोरा अर्जुन टेन्डुलकरले आजको खेलमा दुई ह्विकेट लिएका छन्।

---------------------------------------X---------------------------------------